# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ८ मितिः २०७६/०९/२५

## भाग -२

रामपुर नगरपालिकाको

"जनताको अपेक्षा, मेयरको शुभेच्छा कार्यक्रम व्यवस्थापन कार्यविधि, २०७६"

*प्रस्तावनाः*

स्थानीय स्तरवाट नै जनमुखी गरिव तथा पिछडिएका नागरिकहरुको आवश्यकता तथा मागलाई प्राथमिकतामा राखी दलित, जनजाति, अल्पसंख्यक, लोपोन्मुख जाती, पिछडा वर्ग साथै अवसरबाट वञ्चितिमा परेकाहरुलाई विशेष ध्यानमा राख्दै आर्थिक, सामाजिक, साँकृतिक, धार्मिक एंव सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याई यस नगरपालिकालाई सम्वृद्धिको बाटोमा अगाडी वढाउन स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ वमोजिम "जनताको अपेक्षा, मेयरको शुभेच्छा कार्यक्रम व्यवस्थापन कार्यविधी, २०७६" बनाई लागू गरिएको छ।

## परिच्छेद-१

*प्राम्भिकः-*

### १. संक्षिप्त नाम र प्रारम्भः-

(क) यस कार्यविधीको नाम **"जनताको अपेक्षा, मेयरको शुभेच्छा" कार्यक्रम व्यवस्थापन कार्यविधी — २०७६"** रहने छ।

(ख) यो कार्यविधी नगर कार्यपालिकाको वैठकबाट पारित भई तुरुन्त लागु गरिनेछ।

### २. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) "कार्यविधी" भन्नाले "जनताको अपेक्षा, मेयरको शुभेच्छा" व्यवस्थापन कार्यविधी -२०७६" सम्झनुपर्दछ।

(ख) "नगरपालिका" भन्नाले रामपुर नगरपालिका, पाल्पा सम्झनुपर्दछ।

(ग) "प्रमुख" भन्नाले रामपुर नगरपालिकाको प्रमुखलाई सम्झनुपर्दछ।

(घ) "उप-प्रमुख" भन्नाले रामपुर नगरपालिकाको उप-प्रमुखलाई सम्झनुपर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रामपुर नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्दछ।

### ३. कार्यक्रम लागु हुने क्षेत्रः-

रामपुर नगरपालिकाको नगरपालिकाबाट संचालन गरिने पूर्वाधार विकासका कामहरु साथै व्यवसाय, उद्यमशिलता विकास तथा अन्य आवश्यक परेको क्षेत्रहरुमा यो कार्यक्रम लागु गरिनेछ।

(क) सडक सुविधा, विद्युत र संचार सुविधा, खानेपानी, सिंचाई सम्बन्धी कार्यक्रमहरु/योजनाहरु,

(ख) यूवा उद्यम तथा आर्थिक उपार्जनका लागि गरिने यूवा व्यवसायहरुका क्षेत्रहरुमा,

(ग) शिक्षा तथा स्वास्थ्य, वैकल्पिक उर्जा विकास र प्राकृतिक स्रोत साधनका संरक्षण आयोजना तथा कार्यक्रमहरु,

(घ) कृषि, पशुपंक्षी र मत्स्यपालन सम्बन्धी आयोजना तथा कार्यक्रमहरु,

(ङ) वातावरण तथा विपद व्यवस्थापनका आयोजना तथा कार्यक्रमहरु।

## ४. कार्यक्रमको ढाँचा (programme module)

यो कार्यक्रमका लागि **"जनताको अपेक्षा, मेयरको शुभेच्छा"** शिर्षकमा प्रत्येक आर्थिक वर्षमा नगरसभाबाट निश्चित रकम विनियोजन गरिनेछ। सोका लागि योजना संकलन गर्दाको समयमै प्रत्येक वडा/वडावाट यस शिर्षक अन्तर्गत योजना संकलन गरी प्रस्ताव पेश गरिनेछ। नगर पूर्वाधार समितिले आवश्यक प्रक्रिया पुऱ्याई योजनाहरु छनौट गर्ने र अनुमोदनका लागि नगर प्रमुख समक्ष पेश गर्नुपर्ने छ।यसरी प्रस्ताव हुन आएका योजनाहरुको अन्तिम छनौटका लागि १ महिना भित्र अन्य आवश्यक प्रक्रिया मिलाई नगर प्रमुखले टुङ्गो लगाउने छ।

(क) यस कार्यक्रम रामपुर नगरपालिका क्षेत्र भित्रका माथि वुदा नं ३ मा उल्लेखित विषय एंव क्षेत्रहरुमा लागु गरिने छ।

(ख) निजी क्षेत्रहरुसंगको साझेदारीमा यस कार्यविधी अन्तर्गतका विषयहरु/क्षेत्रहरु भित्र रही कार्यक्रमहरु गरिनेछ।

(ग) विनियोजित रकमको लगानीका लागि लागत सहभागितामा भन्दा उपलब्धि/नतिजामा मध्य नजर गरी दिगो व्यवसायिकता, सिप/क्षमता विकास स्थायी निर्माण जस्ता विषयहरुमा केन्द्रित रहने छ।

(घ) "घ" नंम्बरको भन्दा माथिको आयोजना वा कार्यक्रम माग गर्दा प्रस्ताव पत्र, लागत अनुमान तथा अन्य आवश्यकीय कागजपत्रहरु (नगर प्रमुख वा उप-प्रमुख वा प्रमुख प्रशासकिय अधिकृत वा वडाको सिफारिस, उपभोक्ता समितिको निर्णय, आदि) समेत पेश गर्नुपर्नेछ।

## ५. कार्यक्रम/आयोजना लागु नहुने क्षेत्रहरुः-

यस कार्यविधीको वुदा नं ३ र ४ मा जेसुकै लेखिएको भएतापनि देहाय वमोजिमका आयोजना तथा कार्यक्रमहरुमा यस कार्यक्रम अन्तर्गतको रकम उपलब्ध गराईने छैन।

(क) यस नगरपालिका भन्दा वाहिरका क्षेत्रहरुमा तर नगरपालिकाको पहिचान र वृहत्तर हित हुने देखिएमा गर्न सकिने छ।

(ख) वातावरणलाई प्रतिकूल प्रभाव पार्ने भनी EIA द्धारा प्रमाणित आयोजना तथा कार्यक्रमहरु।

(ग) राष्ट्रिय एकता साँस्कृतिक, धार्मिक एंव सामाजिक सदभावमा खलल पुग्ने प्रकृतिका आयोजना तथा कार्यक्रमहरु।

(घ) कुल लागत रु १,५०,००० (अक्षरुपी एक लाख पचास हजार मात्र) भन्दा बढीका आयोजना तथा कार्यक्रमहरु।

## ६. आयोजना तथा कार्यक्रम छनौटः-

(क) आयोजना तथा कार्यक्रमहरु छनौट गर्दा यस कार्यविधीको वुदा नं ३ को व्यवस्था अनुसार भौतिक पूर्वाधार क्षेत्रहरु, यूवा उद्यम तथा व्यवसायहरु, वातावरण तथा विपद व्यवस्थापनका क्षेत्रहरु, शिक्षा एंव स्वास्थ्य र अत्यावश्यकीय क्षेत्रहरुबाट छनौट गर्न सकिनेछ।

(ख) आयोजना वा कार्यक्रम छनौट गर्दा त्यसको आवश्यकता औचित्यता, दिगोपना, सम्भाव्यता लाभान्वित जनसंख्या र प्राप्त हुने उपलब्धिको ठोस आंकलनको स्पष्ट विश्लेषण गर्नुपर्दछ।

(ग) प्रस्तावित मागको सम्बन्धमा पूर्वाधार विकास समितिले प्रमुख प्रशासकिय अधिकृतसँग समन्वय गरी आयोजना तथा कार्यक्रमहरु छनौट गर्नुपर्नेछ।

**७. माग प्रस्ताव पेश गर्नुपर्नेः-**

(क) यस आयोजना कार्यक्रम मार्फत लाभान्वित हुन इच्छुक व्यक्ति वा संघ/संस्थाले प्रत्येक आर्थिक वर्षको वैशाख महिना सम्ममा अनुसूची — १ वमोजिमको फारम भरि/भराई साथै अन्य कागजात सहित योजना शाखामा अर्को आर्थिक वर्षका लागि प्रस्ताव पेश गर्नुपर्नेछ।

(ख) प्रस्तावकले आयोजना वा कार्यक्रमको विस्तृत वा पूर्ण प्रस्ताव वुँदा नं ७(क) अनुसारकै समय सिमा भित्र पेश गर्नुपर्नेछ।

(ग) विस्तृत तथा पूर्ण प्रस्तावमा देहाय वमोजिमका विषयवस्तुहरु खुलाई नगरपालिका समक्ष पेश गर्नु पर्नेछ।

१. आयोजना तथा कार्यक्रमको आवश्यकता र औचित्यता।

२. आयोजना तथा कार्यक्रमको, डिजाईन स्पेसिफिकेशन सहितको विस्तृत आयोजना प्रतिवेदन(डि.पि.आर) वा लागत अनुमान (estimate)।

३. सम्पन्न गर्न लाग्ने समय र लागत अनुमान विवरण।

४. सम्पन्न भएपछि प्राप्त हुने मापन योग्य प्रतिफलको विवरण।

५. लाभान्वित हुने वर्ग, क्षेत्र, समुदाय र जनसंख्या हकमा वुँदा ७ वमोजिमको विवरण सहितको विस्तृत तथा पूर्ण प्रस्ताव माघ मसान्त भित्र पेश गर्न सकिनेछ।

६. माथि जेसुकै लेखिएता पनि आर्थिक वर्ष २०७६/०७७ का हकमा वुँदा नं ७ वमोजिमको विवरण सहितको विस्तृत तथा पूर्ण प्रस्ताव २०७६ माघ मसान्त भित्र पेश गर्न सकिने छ।

**८. वार्षिक योजनामा समावेश गर्नुपर्नेः-**

कार्यक्रमहरु प्रत्येक आर्थिक वर्षको योजनामा समावेश गर्नुपर्नेछ।

**९. रकम निकासा प्रक्रियाः-**

यस कार्यविधी अनुसारको आयोजना तथा कार्यक्रमहरु सञ्चालन/कार्यान्वयन भई रकम निकासा गर्दा निम्न प्रक्रियाहरु अपनाउनु पर्नेछ।

(क) यससँग सम्बन्धित आयोजना तथा कार्यक्रमहरुमा तपसिल अनुसारको प्रक्रिया मिलाई भुक्तानी दिनेछ।

अ. रु ५००००/- सम्मको आयोजना तथा कार्यक्रमको हकमा प्राप्त निवेदनमा नगर प्रमुखको तोकादेश भएपश्चात कार्य सम्पन्न गरी भुक्तानी दिईनेछ।

आ. रु ५०००१/- देखि रु १०००००/- सम्मको आयोजना तथा कार्यक्रमको हकमा प्राप्त निवेदनमा नगर प्रमुखको तोकादेश भएपश्चात प्रस्तावना पत्रको स्वीकृति गरि कार्य सम्पन्न भएपश्चात भुक्तानी दिईनेछ।

इ. रु १००००१/- देखि रु १५००००/- सम्मको आयोजना तथा कार्यक्रमको हकमा प्राप्त निवेदनमा नगर प्रमुखको तोकादेश भएपश्चात लागत अनुमानको आधारमा स्वीकृत भएपश्चात कार्य सम्पन्न गरी भुक्तानी दिईनेछ।

(ख) नगरपालिका र उपभोक्ता विच भएको/गरिएको सम्झौताको प्रमाणित प्रतिलिपि।

(ग) आयोजना/कार्यक्रम कार्यान्वयन कार्य योजना।

(घ) अनुसूचि – १ वमोजिमको भरिएको फारम।

(ङ) खर्च रकमको विल भरपाई।

(च) अन्तिम प्राविधिक मूल्याङ्कन प्रतिवेदन।

(छ) आयोजना/कार्यक्रम सम्पन्न प्रतिवेदन।

(ज) नगरपालिकाबाट लागु गरिएको योजना कितावमा भएको सबै विवरणहरु भरि पेश गर्नुपर्नेछ।

**१०. प्राप्त रकम खर्च गर्ने विधि/प्रक्रियाः-**

यस शिर्षक अन्तर्गत प्राप्त हुने रकम देहाय वमोजिम खर्च गर्नु पर्नेछ।

(क) जुन आयोजना तथा कार्यक्रमलाई प्राप्त भएको हो सोहि आयोजना तथा कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ।

(ख) नगरपालिकाको योजनामा समावेश गरेर मात्र खर्च गर्नु पर्नेछ।

(ग) प्रचलित आर्थिक कार्यविधी, ऐन तथा नियमावली र सार्वजनिक खरिद ऐन तथा नियमावलीका साथै प्रचलित अन्य कानुनी व्यवस्थाहरुको पूर्ण पालना गरी मितव्ययी र पारदर्शी किसिमले खर्च गर्नु पर्नेछ।

(घ) यस अन्तर्गत प्राप्त रकम अन्य खर्च शिर्षकमा रकमान्तर गर्न पाइने छैन।

(ङ) तोकिएको समय सिमा भित्र नै रकम खर्च गर्नुपर्नेछ।

(च) आयोजना तथा कार्यक्रमहरुमा रकम विनियोजित भई लक्षित उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन हुन नसकेको देखिएमा नगरपालिकाले त्यस्तो रकम वापत उपलब्ध गराइएको रकम फिर्ता असुली गर्न सक्नेछ साथै नगरपालिकाबाट पाउने अन्य सेवा सुविधाहरुमा समेत रोक लगाउन सक्नेछ।

(छ) आवश्यकता अनुसार लागत सहभागिता राख्न पनि सकिन्छ।

**११. आयोजना/कार्यक्रम तोकिएको समय सिमा भित्र सम्पन्न गर्नुपर्नेः-**

यस अन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु तोकिएको समयावधि भित्र सम्पन्न गरि सक्नु पर्नेछ।

**१२. आयोजना/कार्यक्रमको सञ्चालन र कार्यान्वयनः-**

(क) आयोजना तथा कार्यक्रमहरु संचालन गर्दा पारदर्शिताका साथै प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीमा जोड दिनुपर्नेछ।

(ख) आयोजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा कामको गुणस्तरमा विशेष ध्यान पुऱ्याउनु पर्नेछ। सो का लागि नागरिक समाज, लाभान्वित वर्ग र समुदाय समेतको निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्नेछ।

(ग) आयोजना तथा कार्यक्रमहरु आफु स्वयंमले वा अन्य प्रक्रियाबाट पनि गर्न/गराउन सक्नेछ तर पारदर्शी र प्रतिस्प्रर्धात्मक हुने वातावरण तयार गरी उच्चतम सफलता/ उपलब्धि हासिल गर्ने किसिमको प्रणाली अवलम्वन गर्नुपर्नेछ।

(घ) आयोजना तथा कार्यक्रमहरुको सम्बन्धमा नगरपालिकाले छानविन गरी आवश्यक निर्देशन दिन सक्नेछ र सोको पालना गर्नु सम्बन्धितको कर्तव्य हुनेछ।

**१३. अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः-**

(क) यस अन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी सञ्चालन भए/नभएको सम्बन्धमा नगरपालिकाले नियमित रुपमा अनुगमन गरी प्रतिवेदन तयार गर्नेछ।

**१४. रकम रोक्का हुन सक्नेः-**

यस कार्यविधी अन्तर्गत उपलब्ध गराईने रकम नगरपालिकाले देहायको अवस्थामा रोक्का गर्न सक्नेछ।

(क) आयोजना तथा कार्यक्रमको प्रगति प्रतिवेदन पेश नगरेमा।

(ख) तोकिएको समय भित्र कार्य सम्पन्न नगरेमा।

(ग) सम्पन्न भएको कार्यको तोकिए वमोजिम गुणस्तर नभएमा।

**१५. फुकुवा हुन सक्नेः-**

वुँदा नं १४ वमोजिमका कार्यहरु नपाई/नभई नगरपालिकाले रोक्का राखेकोमा सो अनुसार कार्य भए/गरेमा फुकुवा दिन सक्नेछ।

**१६. वाधा अड्काउ फुकाउनेः-**

यस कार्यविधीको कार्यान्वयनको सम्बन्धमा कुनै वाधा अड्काउ परेमा नगरपालिकाले सो वाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची — १
## (दफा ७ को (क) सँग सम्बन्धित)

१. आयोजना/कार्यक्रमको/व्यवसायको नामः-

२. आयोजना/कार्यक्रम /व्यवसायको स्थलः-

३. लागत अनुमान रकम रुः-

४. जम्मा स्वीकृत रकम

(क) नगरपालिकाबाट व्यहोर्ने रकम रुः-

(ख) उपभोक्ता/आयोजकबाट व्यहोर्ने रकम रुः-

(ग) स्वीकृत भएको जम्मा रकम रुः-

५. संञ्चालकले नगद वाहेक अन्य विषयवस्तु व्यहोर्ने भएमा

| क्र.सं | विवरण | एकाई | दर | जम्मा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

६. आयोजना/कार्यक्रम संञ्चालन गर्ने व्यक्तिको/संघ-संस्थाको

नामः-

स्थायी ठेगानाः- टोलः-

नागरिकता नं :-

कार्यालय रहको स्थान(संघ/संस्थाको लागि मात्र)ः-

सम्पर्क नं :-

***प्रमाणीकरण मितिः- २०७६/०९/२५***

**आज्ञाले**
**बाबुराम अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**